☎:०५६-५५००१५

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

प.सं. २३९६
च.नं. २०७६/०७७

मितिः२०७६/१०/०८

बिषयः साधारा सभा तथा अबिधेशन सम्वन्धमा ।

**५० वटै सहकारी संस्था लि. हरु,**
**राप्ती नगरपालिका, चितवन ।**

उपरोक्त बिषयमा यस राप्ती नगरपालिकामा समायोजन भई आएका र दर्ता भई सेवारत रहेका तथा सहकारी ऐन २०७४, राप्ती नगरपालिकाको सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र सम्वन्धित सहकारी संस्था लि.हरुको मौज्जुदा बिनियममा व्यवस्था भए अनुसार आर्थिक वर्ष शुरु भएको ६ महिना भित्र साधारण सभा तथा अबिधेशन सम्पन्न गर्नु हुने सवै सहकारी संस्था लि.हरुलाई धन्यवाद व्याक्त गर्दछौ ।

साथै केही सहकारी संस्था लि.हरु बाट साधारण सभा तथा अधिबेशन गरी सोको जानकारी आएको नदेखिएको र मौज्जुदा सहकारी ऐन, नियमावली तथा सहकारी संस्था लि.हरुको बिनियम अनुसार साधारण सभा र अबिधेशन समयमा नै नगरेको भन्ने सूचनाहरु प्राप्त समेत भएको हुनाले सहकारी ऐन २०७४ को दफा ४२ को उपदफा (२) अनुसार स्वीकृति लिई दफा (३) अनुसार कार्य गर्न हुन सूचित गरिन्छ । माथि उल्लेखित दफा अनुसार कार्य नभएमा सोहि दफा को उप दफा (४ र ५) आर्कषण भई दफा (६) अनुसार कार्य गरिने व्यहोरा समेत सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

७६।१०।८

मिठाराम हुमागाई
प्रमुख प्रशासकिय अधिकृत

इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np